# बर्दघाट नगरपालिका

## नवलपरासी, (बर्दघाट-सुस्ता पश्चिम)

## लुम्बिनी प्रदेश, नेपाल

# स्थानीय राजपत्र

बर्दघाट नगरपालिकाद्वारा प्रकाशित

खण्ड ४ संख्या ७ मितिः२०७७/११/१४


### भाग १

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम बर्दघाट नगरपालिकाको नगरसभाले बनाएको नगर शिक्षा ऐन, २०७७ सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# बर्दघाट नगर शिक्षा ऐन, २०७७

**प्रस्तावनाः** राष्ट्रिय विकासका लागि बर्दघाट नगरपालिका अन्तर्गतका विद्यालय उमेर समूहका सबै बालबालिकाका लागि उच्चगुणस्तरको जीवन पर्यन्त सिकाईद्वारा यस क्षेत्रमा आवश्यक पर्ने दक्ष, योग्य, सीपयुक्त जनशक्ति उत्पादन गर्न तथा सर्वसाधारण जनतालाई सर्वसुलभ ज्ञान दिन र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनुकूल जनताको सदाचार, शिष्टाचार र नैतिकता कायम राख्न यस नगरपालिकामा स्थापना भई सञ्चालन

भैरहेका तथा स्थापना हुने विद्यालयहरूको गुणस्तर तथा व्यवस्थापनमा सुधार गर्दै विद्यालय शिक्षाको विकास गर्न वाञ्छनीय भएकोले, नेपालको संविधान २०७२ को धारा २२१, अनुसूची ८ को वुदा नं. ८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-५, दफा २०, २१, र १०२ (१) वमोजिम बर्दघाट नगरपालिकाको नगरसभाले यो ऐन बनाई जारी गरेको छ ।

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः-**

क) यस ऐनको नाम “बर्दघाट नगर शिक्षा ऐन, २०७७” रहेको छ ।

ख) यो ऐन बर्दघाट नगरपालिका क्षेत्रभित्र लागू हुनेछ ।

ग) यो ऐन बर्दघाट नगरपालिकाको राजपत्रमा प्रकाशित भएपछि लागू हुनेछ ।

**२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः-**

क) “प्रारम्भिक बाल शिक्षा” भन्नाले चार वर्ष उमेर पुरा भएका बालबालिकालाई दिइने एक वर्षको प्रारम्भिक बाल शिक्षा सम्झनु पर्छ । यस शब्दले मन्टेश्वरी, नर्सरी तथा केजि लाईसमेत बुझाउने छ ।

ख) “प्राथमिक शिक्षा” भन्नाले कक्षा एकदेखि कक्षा पाँचसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

ग) “आधारभूत शिक्षा” भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

घ) “माध्यमिक शिक्षा” भन्नाले कक्षा नौ देखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

ङ) “नगरपालिका” भन्नाले बर्दघाट नगरपालिका सम्झनु पर्छ ।

च) “नगर सभा” भन्नाले बर्दघाट नगरपालिकाको नगर सभालाई सम्झनु पर्छ ।

छ) “विशेष शिक्षा” भन्नाले दृष्टिविहिन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्तश्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी दिइने शिक्षा सम्झनु पर्छ ।

ज) “समावेशी शिक्षा” भन्नाले देहायको शिक्षा सम्झनु पर्छः-

१) दृष्टिविहिन, न्यून दृष्टियुक्त बहिरा, सुस्त श्रवण, अटिज्म बौद्धिक, शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्धतिको अधिनमा रहि दिइने शिक्षा ।

२) सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडि पारिएका व्यक्तिलाई विभेदरहित वातावरणमा दिइने शिक्षा ।

झ) "विद्यालय" भन्नाले सामुदायिक विद्यालय वा सस्थागत विद्यालय सम्झनु पर्दछ।

ञ) “विद्यालय शिक्षा” भन्नाले आधारभूत र माध्यमिक दुवै शिक्षा सम्झनु पर्छ ।

ट) “प्राविधिक तथा ब्यावसायिक शिक्षा” भन्नाले प्राविधिक ज्ञान, सीप तथा विषयवस्तुको सिकाई गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न कक्षा नौदेखि कक्षा बाह्रसम्म अध्यापन गराइने शिक्षालाई सम्झनु पर्छ ।

ठ) “सामुदायिक विद्यालय” भन्नाले नेपाल सरकार र बर्दघाट नगरपालिकाबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

ड) “संस्थागत विद्यालय” भन्नाले नेपाल सरकारबाट नियमित रूपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

ढ) “शिक्षक” भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ ।

ण) “कर्मचारी” भन्नाले सामुदायिक विद्यालयमा कार्यरत् शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ ।

त) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेका नियम, कार्यविधि, निर्देशिकामा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ ।

थ) “अनुमति” भन्नाले नेपाल सरकार वा नगरपालिकाले स्थायी स्वीकृति प्रदान गरिनसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ ।

द) “स्वीकृति” भन्नाले तोकिए बमोजिमको शर्त पूरा गरेको विद्यालयलाई नेपाल सरकार र नगरपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ ।

ध) “आवासीय विद्यालय” भन्नाले नेपाल सरकार वा नगरपालिकाबाट आवासीय विद्यालयको रूपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई जनाउँछ ।

न) “शैक्षिक गुठी” भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

प) "परम्परागत विद्यालय" भन्नाले चलि आएका गोन्पा, गुरुकुल, आश्रम र मदरसा जस्ता धार्मिक विद्यालय सम्झनु पर्दछ ।

फ) “स्थायी आवासीय अनुमति” भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा सो मुलुकमा स्थायी रूपमा बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभर्सिटी इमिग्रेन्ट भिसा (डि.भी.), परमानेन्ट रेजिडेन्ट भिसा (पी.आर.) वा ग्रीन कार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रूपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमति समेतलाई जनाउछँ ।

ब) "आधारभूत शिक्षा उत्तीर्ण परीक्षा" भन्नाले आधारभूत तह (कक्षा ८) को अन्त्यमा हुने परीक्षालाई बुझाउने छ ।

भ) "माध्यमिक शिक्षा परीक्षा" (सेकेण्डरी एजुकेशन एक्जामिनेशन) भन्नाले माध्यमिक तह (कक्षा १०) को अन्त्यमा हुने परीक्षालाई बुझाउने छ ।

म) "माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा" भन्नाले माध्यमिक तहको अन्त्यमा हुने परीक्षालाई बुझाउने छ ।

य) "वडा शिक्षा समिति" भन्नाले वडाभित्रका विद्यालयको रेखदेख र व्यवस्थापन गर्ने कामको लागि बनेको समिति सम्झनु पर्दछ ।

र) “तालिम केन्द्र” भन्नाले यस ऐन वमोजिम अनुमति प्राप्त गरी विभिन्न सीपमूलक तालिम प्रदान गर्ने संस्थालाई जनाउँछ ।

ल) “पुस्तकालय” भन्नाले नेपाल सरकार/नगरपालिकाबाट अनुमति लिई संचालन भएको विभिन्न पुस्तकहरू संग्रह गरी अध्ययन गर्न उपयुक्त हुने गरी निर्माण गरिएको संस्था जनाउँछ ।

व) “शैक्षिक परामर्श केन्द्र” भन्नाले शैक्षिक परामर्श प्रदान गर्ने उद्देश्यले नेपाल सरकारवाट वा यस नगरपालिकाबाट अनुमति वा स्वीकृत प्राप्त संस्थालाई जनाउँछ ।

श) “संघीय शिक्षा ऐन” भन्नाले संघीय संसदले बनाएको शिक्षा ऐन संझनु पर्दछ ।

ष) “प्रादेशिक शिक्षा ऐन” भन्नाले प्रादेशिक संसदले बनाएको शिक्षा ऐन संझनु पर्दछ ।

स) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले नगरपालिकाको प्रशासकीय प्रमुखको रूपमा काम गर्न तोकिएको अधिकारी सम्झनु पर्दछ।

ह) "शिक्षा अधिकारी" भन्नाले नगरको शिक्षा शाखाको प्रमुख संझनु पर्दछ ।

क्ष) "समिति" भन्नाले नगर शिक्षा समितिलाई सम्झनु पर्छ ।

त्र) "शिक्षा, युवा तथा खेलकुद शाखा" भन्नाले नगरको शिक्षा, युवा तथा खेलकुद शाखा संझनु पर्दछ ।

ज्ञ) "अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत् विद्यार्थीको बाबु, आमा, बाजे, बजै वा त्यस्ता अभिभावक नभएमा विद्यालयमा अध्ययनरत बालबालिकालाई संरक्षण गर्ने व्यक्तिहरू मध्येवाट विद्यालयको अभिलेखमा जनिएको व्यक्तिलाई जनाउँछ ।

## ३. विद्यालय खोल्न अनुमति लिनुपर्नेः-

१) नगरपालिका क्षेत्रभित्र कुनै नेपाली नागरिकले शैक्षिक गुठी अन्तर्गत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई वडा शिक्षा समितिको सिफारिस सहित तोकिएको अधिकारी समक्ष शैक्षिक शत्र सुरु हुनुभन्दा ३ महिना अगावै अनुमतिको लागि निवदेन दिनु पर्नेछ ।

२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर तोकिएको अधिकारीले आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिब देखिएमा नगर शिक्षा समितिको सिफारिशमा नगर कार्यपालिकाको निर्णयबमोजिम तोकिएको शर्त बन्देज पालना गर्ने गरी तोकिएको अधिकारीले अनुमति दिनेछ ।

३) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रूपमा सञ्चालनमा रहेका विद्यालयहरूले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न तोकिएको अधिकारी समक्ष निवेदन दिन सक्नेछ ।

४) उपदफा (३) बमोजिम निवेदन परेमा तोकिएको अधिकारीले सो निवदेन उपर आवश्यक जाँचबझु गर्नेछ र जाचँबुझ गर्दा निवेदन दिने विद्यालयको माग

मनासिब देखिएमा माग बमोजिम विद्यालय सञ्चालन गर्न नगर शिक्षा समितिको सिफारिशमा नगर कार्यपालिकाको निर्णयबमोजिम तोकिएको अधिकारीले स्वीकृति दिनेछ ।

५) उपदफा (२), (३) वा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका विद्यालयलाई शैक्षिक गुठीको रूपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइने छैनः-

क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय,

ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएका विद्यालय,

ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दानदातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय ।

६) यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहायबमोजिम गर्नु पर्नेछः-

क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक (ट्रष्टी) सङ्गठित संस्थाको रूपमा हुनुपर्ने,

ख) शैक्षिक गुठी सञ्चालन गर्दा सञ्चालक बोर्ड (ट्रष्टी) मा सार्वजनिक गुठी भए कम्तीमा पाँचजना र निजी गुठी भए कम्तीमा तीनजना सदस्य हुनुपर्ने,

ग) शैक्षिक गुठीको आय-व्ययको लेखा तोकिएबमोजिमको ढाँचा र प्रचलित लेखाका सिद्धान्तका आधारमा अभिलेख खडा गरी मान्यता प्राप्त लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु पर्ने,

घ) शैक्षिक गुठीको तत्काल कायम रहेका गुठीका सञ्चालक (ट्रष्टी)ले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रूपमा काम गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्ने छ । तर सावर्जनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा नगरपालिकाको स्वीकृति लिनु पर्नेछ ।

७) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा नगर शिक्षा समितिबाट स्वीकृति लिई सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ ।

८) उपदफा (७) बमोजिम सञ्चालित विद्यालयले अध्यापन गराउनु पर्ने बिषय, पालन गर्नु पर्ने शर्त तथा अन्य व्यवस्था तोकिएबमोजिम हुनेछन् ।

९) माथिका उपदफाहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन । तर नेपाल सरकारसँग सम्झौता भएमा सोका आधारमा नेपाल सरकारबाट सिफारिश भइ आएमा त्यस्ता विद्यालयहरूलाई पनि नगरपालिकाले शर्त तोकी अनुमति वा स्वीकृति दिन सक्नेछ । तर त्यसरी सञ्चालित विद्यालयले तोकिएको शर्त पालना नगरेको पाइएमा नेपाल सरकारको अनुमति लिइ नगरपालिकाले जुनसुकै बेला बन्द गर्न सक्नेछ । यस प्रकारको विद्यालयलाई पनि यस दफाको उपदफा (१) र (२) अनिवार्य लागु हुनेछ ।

१०) प्राविधिक शिक्षा संचालन गर्न चाहने विद्यालयको अनुमति तथा स्वीकृती संवन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ ।

११) विद्यालय सञ्चालन तोकिएबमोजिम हुनेछ ।

४. **परीक्षा सञ्चालन र समन्वयः-** नगरपालिका क्षेत्रभित्रका विद्यालयहरूको परीक्षा सञ्चालन समन्वय र व्यवस्थापन गर्न तोकिए बमोजिमको परीक्षा सञ्चालन तथा व्यवस्थापन समिति रहने छ । परीक्षा सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र

अधिकार तोकिए बमोजिम हुनेछ । आन्तरिक परीक्षा सञ्चालन गर्न नगर परीक्षा बोर्ड सञ्चालन कार्यविधि बनाउन सक्नेछ ।

५. **माध्यमिक शिक्षाको प्रकारः-** माध्यमिक शिक्षा देहायका प्रकारका हुनेछन्ः-

क) साधारण माध्यमिक शिक्षा,

ख) संस्कृत माध्यमिक शिक्षा,

ग) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा ।

तर त्यस्तो शिक्षामा थप एक वर्ष तोकिएबमोजिम व्यवहारिक अभ्यास गराइनेछ ।

६. **विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालनसम्बन्धी व्यवस्था-**

१) नगरपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

२) कुनै विद्यालयले विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन गर्न चाहेमा नगरपालिकाले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी सो विद्यालयलाई त्यस्तो शिक्षा सञ्चालन गर्न तोकिएबमोजिम स्वीकृति दिन सक्नेछ ।

३) दूर शिक्षा, विशेष शिक्षा र समावेशी शिक्षाको सञ्चालन साधारण शिक्षा सरह हुनेछ ।

४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि दृष्टिविहीन, न्यून दृटियुक्त, पूर्ण दृष्टिविहीन, बहिरा सुस्तश्रवण, अटिज्म, बौद्धिक अपाङ्गता तथा श्रवण

दृष्टिविहीन भएका बालबालिकाको लागि पाठ्क्रम, पाठ्यपुस्तक, शिक्षण सिकाई र मूल्यांकन प्रणालिमा फरक व्यवस्था गर्न सकिनेछ ।

५) अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षाको सञ्चालन तोकिएबमोजिम हुनेछ ।

**७. शिक्षाको माध्यमः-**

१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुबै भाषा हुनेछ ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहायबमोजिम हुन सक्नेछः-

क) प्राथमिक शिक्षा मातृभाषामा दिन सकिनेछ,

ख) गैरनेपाली नागरिकले नेपालको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टामा तोकिएका अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ,

ग) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुन सक्नेछ,

घ) अनिवार्य अंग्रेजी विषय अध्ययन गराउँदा माध्यम अंग्रेजी भाषामा नै गराउनु पर्नेछ।

**८. विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तकः-** विद्यालयले नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागु गर्नुपर्छ । नेपाल सरकारले तोकेको मापदण्डभित्र रही नगरपालिकाले स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गरी कार्यान्वयन गर्न सक्नेछ ।

**९. नगर शिक्षा समितिः-**

१) नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालयको रेखदेख, समन्वय र व्यवस्थापन गर्न देहाय बमोजिमको नगर शिक्षा समिति रहनेछः

क) नगरपालिकाको प्रमुख - अध्यक्ष,

ख) नगरपालिकाको उपप्रमुख - सदस्य,

ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य,

घ) नगरपालिकाले तोकेको शिक्षा हेर्ने विषयगत समितिको संयोजक - सदस्य,

ङ) नगरपालिकाले तोकेको नगरसभाका सदस्यहरू मध्येबाट महिला एकजना- सदस्य

च) विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको एक जना - सदस्य

छ) स्थानीय समाजसेवी वा शिक्षा विदहरूमध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको दलित तथा अल्पसंख्यकमध्ये एकजना - सदस्य

ज) शिक्षण पेशामा उच्च योगदान पुर्‍याएका सामुदायिक र संस्थागत विद्यालयका प्रधानाध्यापकहरू मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको सामुदायिक र संस्थागत विद्यालयवाट एक/एक जना पर्ने गरी दुई जना - सदस्य

झ) नगरस्तरका नेपाल शिक्षक महासंघका अध्यक्ष - सदस्य

ञ) नगरपालिकाका नगर शिक्षा अधिकारी - सदस्य सचिव

२) समितिका पदेन सदस्य बाहेक मनोनित सदस्यको कार्यकाल २ वर्षको हुनेछ ।

३) शिक्षा समितिको बैठक कम्तिमा प्रत्येक चौमासिकमा एक पटक बस्नेछ । शिक्षा समितिको बैठक भत्ता कार्यपालिका सरह हुनेछ ।

४) नगर शिक्षा समितिको बैठक सो समितिको अध्यक्षको निर्देशनमा सदस्य सचिवले बोलाउनेछ।

५) नगर शिक्षा समितिका तत्काल कायम रहेका पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपुरक सख्या पुगेको मानिनेछ । बैठकको अध्यक्षता नगर शिक्षा समितिका अध्यक्षले गर्नेछन्, निजको अनुपस्थितिमा जेष्ठ सदस्यले अध्यक्षता गर्नेछन् । बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछन् ।

६) उपदफा (१) अन्तर्गत मनोनित सदस्यले र अन्य सदस्यले आफ्नो पदीय आचरण पूरा नगरेमा जुनसुकै समयमा पनि नगर शिक्षा समितिले पदमुक्त गर्न सक्नेछ । तर त्यसरी  हटाउन वा वर्खास्त गर्नु अघि मनासिब माफिकको स्पष्टिकरणको मौकावाट बञ्चित गरिने छैन ।

७) यो ऐन प्रारम्भ भएको मितिले कम्तिमा १ महिनाभित्र नगर शिक्षा समिति गठन गरिनेछ।

**१०. नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकार:** नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

क) नगरभित्रको आवधिक शैक्षिक योजना तयार गरी कार्यान्वयन गर्ने,

ख) नगरपालिका क्षेत्रभित्र नेपाली नागरिकले शैक्षिक गुठी अन्तर्गत संस्थागत विद्यालय खोल्नका लागि आवश्यक कागजातसहित निवेदन दिएमा नक्शांकनलाई समेत विचार गरी नगर कार्यपालिकामा रायसहित कागजातहरु पेश गर्ने ।

ग) विद्यालयको लागि आवश्यक साधन श्रोत जुटाउने र परिचालन गर्ने, गराउने,

घ) आफ्नो क्षेत्रभित्र सञ्चालन हुने विद्यालय तहको परीक्षालाई मर्यादित र भयरहित बनाउन सहयोग गर्ने,

ङ) नगरपालिकामा सुचिकृत भएका सूचीकृत लेखा परीक्षक मध्येवाट लेखा परीक्षकको नियुक्ति गर्ने ।

च) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरूक र सजग वनाउने,

छ) शिक्षाको गुणस्तर कायम राख्ने सूचक विकास गर्ने र प्रगति मूल्याङ्कन गर्ने,

ज) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारी व्यवस्थापन गर्ने,

झ) विद्यालयको सुपरीवेक्षण तथा अनुगमन गर्ने, गराउने,

ञ) शैक्षिक गुठीसँग गर्ने सम्झौताका शर्तहरू निर्धारण गर्ने,

ट) शैक्षिक संस्थासँग आबद्ध शिक्षक कर्मचारीहरूलाई आवश्यक प्रोत्साहन पुरस्कार, दण्ड, सजायसम्बन्धी कार्य गर्ने गराउने,

ठ) अस्थायी करार, राहत तथा नगरपालिकाको स्रोतबाट शिक्षकहरूको छनौटको लागि बिषय विशेषज्ञहरूको छनौट गरी सूची प्रकाशन गर्ने,

ड) नगरपालिकाभित्र स्थापना भएका पुस्तकालय, वाचनालय र सामुदायिक सिकाइ केन्द्रको संवर्धन, संरक्षण तथा अनुमति प्रदान गर्ने,

ढ) नगर क्षेत्र भित्र अनुमति प्राप्त गरी संचालन भएका शैक्षिक परामर्श केन्द्र, विभिन्न प्रकारका कोचिङ सेन्टर आदिको अनुगमन तथा निरीक्षण, नियमन गर्ने । नयाँ सस्था स्थापना गर्न अनुमति माग भएमा तोकिएको पूर्वाधार पुगेका संस्थाहरूलाई अनुमति प्रदान गर्ने,

ण) तोकिएको मापदण्डका आधारमा बढी दरबन्दी भएको विद्यालयबाट कम दरबन्दी भएको विद्यालयमा दरबन्दी मिलान गर्न सक्नेछ ।

त) नगरपालिकाभित्रका सामुदायिक विद्यालयका शिक्षकहरुको सरुवा गर्न सक्नेछ ।

थ) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा सञ्चालन अनुमति अनुगमन मूल्यांकन नियमनसबन्धी कार्य गर्ने, गराउने

द) शिक्षण सिकाई शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकाससम्बन्धी कार्य गर्ने गराउने ।

ध) नगर क्षेत्रभित्र विशेष आवश्यकता भएका बालबालिकाहरुको तथ्याङ्क संकलन गरी उनिहरुका लागि उचित विद्यालय व्यवस्थापन गर्न आधार तयार पार्ने र सोहीअनुसारको पठनपाठनको व्यवस्था मिलाउने ।

न) आफ्नो क्षेत्रभित्र विशेष शिक्षा तथा समावेशी शिक्षा, गुरुकुल, मदरसा र गुम्बाबाट प्रदान गरिने शिक्षासम्बन्धी योजना तर्जुमा गर्ने ।

प) बार्षिक शैक्षिक क्यालेण्डर बनाई विद्यालय सञ्चालन गर्न शिक्षा युवा तथा खेलकुद शाखामार्फत व्यवस्थापन समितिलाई निर्देशन दिने ।

फ) शिक्षाको गुणस्तर कायम गर्ने सम्बन्धमा शिक्षक अभिभावक संघ गठन गर्ने ।

ब) नगर क्षेत्रभित्रका संस्थागत विद्यालयहरुको नियमन र अनुगमन गर्ने तथा निर्देशन दिने ।

भ) तोकिएबमोजिमका अन्य कार्यहरू गर्ने ।

११. **नगर कार्यपालिकाको काम, कर्तव्य र अधिकारः-** नगर कार्यपालिकाको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

१२. **प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकारः-** प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१३. नगर शिक्षा अधिकारी**:- नगर शिक्षा अधिकारीको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१४. नगर शिक्षा अनुगमन समितिः-**

१) विद्यालय शिक्षाको समग्र पक्षको अनुगमन गर्न देहाय वमोजिम नगर शिक्षा अनुगमन समिति गठन हुनेछ ।

क) नगरपालिकाका उप-प्रमुख - अध्यक्ष

ख) नगर सभाका सदस्यहरूमध्येबाट नगर कार्यपालिकाले तोकेको एकजना महिला सहित दुईजना - सदस्य

ग) सामुदायिक विद्यालयका शिक्षक प्रतिनिधिमध्येबाट एकजना - सदस्य

घ) नगरपालिकाको लेखासम्बन्धी काम गर्ने प्रतिनिधि एक जना - सदस्य

ङ) नगर शिक्षा अधिकारी वा निजले तोकेको अधिकृत- सदस्य सचिब

२) शिक्षा अनुगमन समितिको काम, कर्तव्य र अधिकारः- शिक्षा अनुगमन समितिको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

**१५. सामुदायिक सिकाइ केन्द्रः-** नगरपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाइ समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ।

**१६. अध्यापन अनुमतिपत्रः-** विद्यालयमा नियुक्त हुन तोकिए वमोजिमको अध्यापन अनुमतिपत्र लिएका व्यक्ति मात्र शिक्षक पदमा उम्मेदवार हुन योग्य हुनेछन् ।

**१७. अनुदानको व्यवस्थाः-**

क) यो ऐन प्रारम्भ हुँदाका बखत दिँदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको सुत्रको आधारमा नगरपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिनेछ। तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिंइदै आएको अनुदान रकममा तोकिएबमोजिम कटौती गर्न सकिनेछ ।

ख) नगरपालिकाले सामुदायिक विद्यालयहरूलाई तोकिएबमोजिम शर्त पूरा गरेमा थप अनुदान उपलब्ध गराउन सक्नेछ ।

१८. **छात्रवृत्तिको व्यवस्थाः-** नगरपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीहरुलाई तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

१९. **प्रारम्भिक बाल शिक्षा सम्बन्धी व्यवस्थाः-** प्रारम्भिक बाल शिक्षाको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२०. **प्रारम्भिक बाल विकास केन्द्रलाई अनुदानः-** नगरपालिकाले प्रारम्भिक बालविकास केन्द्रलाई तोकिए बमोजिमको आधारमा अनुदान रकम दिन सक्नेछ ।

२१. **विद्यालय व्यवस्थापन समितिः-**

१) सामुदायिक विद्यालय: सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख, व्यवस्थापन र अनुगमन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः-

क) अभिभावकले आफूहरू मध्येबाट छानी पठाएका दुई जना महिला सहित चार जना - सदस्य

ख) विद्यालय रहेको सम्बन्धित वडाका वडा अध्यक्ष वा वडा समितिका सदस्यहरू मध्येबाट वडा समितिले मनोनयन गरेको एक जना - सदस्य

ग) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर उल्लेख्य सहयोग गरेका व्यक्तिहरूमध्येबाट वडा अध्यक्षको सहमतिमा नगर प्रमुखले मनोनित गरेको एक जना महिलासहित दुई जना - सदस्य

घ) विद्यालयका शिक्षकहरुले आफूहरू मध्येबाट छानी पठाएको शिक्षक प्रतिनिधि एक जना - सदस्य

ङ) विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

२) प्राबिधिक तथा व्यावसायिक बिषयमा अध्ययन वा तालिम गराइने माध्यमिक विद्यालयको व्यवस्थापन समितिमा नगरस्तरका उद्धोग तथा वाणिज्य महासंघका एकजना प्रतिनिधि सदस्य रहनेछन् ।

३) प्रधानाध्यापक र शिक्षक प्रतिनिधि बाहेकका ७ जना सदस्यहरुले आफूमध्येबाट समिति गठन भएको मितिले १५ दिनभित्र अध्यक्ष चयन गरीसक्नु पर्नेछ । उक्त समयभित्र अध्यक्ष चयन हुन नसकेमा ७ जनामध्येबाट १ जनालाई नगर शिक्षा समितिले अध्यक्ष चयन गर्नेछ ।

४) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट नभएसम्मका लागि सो समितिका जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछन ।

५) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तिमा पचास प्रतिशतद्य सदस्यहरु अपाङ्गता भएका व्यक्तिको अभिभावक र समावेशी शिक्षा वा स्रोतकक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तिमा एकजना अपाङ्गता भएका व्यक्ति सदस्य रहनेछन ।

६) विद्यालय स्तरीय बाल क्लवले मनोनयन गरेको एक जना छात्र र एक जना छात्रा बाल क्लवका प्रतिनिधी आमन्त्रित सदस्यको रूपमा रहनेछन् ।

७) व्यवस्थापन समितिको अवधि ३ वर्षको हुनेछ ।

८) विद्यालय व्यवस्थापन समितिको बैठकमा शिक्षा, युवा तथा खेलकुद शाखाको प्रतिनिधिलाई अनिवार्यरुपमा भाग लिन आमन्त्रण गर्नुपर्नेछ ।

९) यो ऐन प्रारम्भ भएको मितिले ३ महिनाभित्र सबै विद्यालयहरुले विद्यालय व्यवस्थापन समिति गठन गर्नुपर्नेछ ।

१०) व्यवस्थापन समिति गठन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

११) संस्थागत विद्यालयः संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः-

क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरू वा सञ्चालकहरुले सिफारिस गरेका शिक्षा प्रेमीलाई सम्बन्धित विद्यालयको सिफारिसमा नगर प्रमुखबाट मनोनित भएका एक जना - अध्यक्ष

ख) अभिभावकहरुमध्येबाट एक जना महिलासमेत पर्ने गरी विद्यालय व्यवस्थापन समितिले मनानित गरेको दुई जना - सदस्य

ग) विद्यालय रहेको सम्बन्धित वडाका वडा अध्यक्ष वा वडा समितिका सदस्यहरू मध्येबाट वडा समितिले मनोनयन गरेको एकजना - सदस्य

घ) सम्बन्धित नगरपालिकाको शिक्षा हेर्ने अधिकृत वा निजले तोकेको व्यक्ति- सदस्य

ङ) सम्बन्धित विद्यालयको शिक्षकहरूले आफूहरू मध्येबाट छानी पठाएको एकजना - सदस्य

च) विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

१२) पदावधिः दफा ८ खण्ड (क), र (ख) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

१३) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने,

घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी नगरपालिकालाई दिने,

ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक, धार्मिक वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने,

च) विद्यालयमा रिक्त रहेको शिक्षक पदपूर्तिका लागि विज्ञापन गर्न अनुमतिका लागि नगर शिक्षा, युवा तथा खेलकुद शाखामा लेखी पठाउनु पर्नेछ र सो शाखाबाट अनुमति प्राप्त भएमा विज्ञापन गरी तोकिएको प्रक्रिया अवलम्वन गरी शिक्षक नियुक्ती गर्न सकिनेछ ।यसरी नियुक्त हुने शिक्षकको लागि अध्यापन अनुमतिपत्र अनिवार्य गरिनेछ । विज्ञान र गणित विषयको हकमा पहिलो पटक विज्ञापन गर्दा अध्यापन अनुमति पत्र भएको उम्मेदवारबाट दरखास्त नपरेमा पुनः दोस्रो पटक १ हप्ताको म्याद दिइ विज्ञापन गर्न सकिने छ र त्यसरी विज्ञापन गर्दा समेत अध्यापन अनुमति पत्र भएको उम्मेदवारको दरखास्त नपरेमा अध्यापन

अनुमति पत्र नभएका उम्मेदवारहरुबाट शिक्षक छनौट गर्न सकिनेछ ।

छ) नगरपालिकावाट खटिएका शिक्षक तथा कर्मचारीलाई हाजिर गराई काममा लगाउने,

ज) रजिष्टर्ड लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने,

झ) लेखापरीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारबाही गर्ने र त्यसको प्रतिवेदन नगर शिक्षा समितिमा पेश गर्ने,

ञ) तोकिए बमोजिम विद्यालय सञ्चालन गर्ने र पठनपाठन गर्ने, गराउने,

ट) नगर शिक्षा समिति र शिक्षा,युवा तथा खेलकुद शाखाले दिएको निर्देशनहरूको पालना गर्ने,

ठ) विद्यालयको आन्तरिक श्रोतबाट खर्च व्यहोर्ने गरी नियुक्ती वा बढुवा भएका शिक्षकको लागि सेवा, शर्त र सुबिधा तोक्ने ।

ड) विद्यालयले गरेको वार्षिक क्रियाकलापको सामाजिक परीक्षण गराउने ।

ढ) विद्यालयमा अतिरिक्त क्रियाकलापको सञ्चालन तथा व्यवस्थापन गर्ने गराउने ।

ण) शिक्षक तथा कर्मचारीलाई तालिमको लागि छनौट गर्ने ।

त) विद्यालयका शिक्षक तथा कर्मचारीहरुको हाजिरी जाँच गरी गयल हुने शिक्षक वा कर्मचारी उपर आवश्यक कारवाही गर्ने ।

थ) विद्यालय सुधार योजना निर्माण गरी कार्यान्यन गर्ने ।

द) शिक्षक तथा कर्मचारीको अभिलेख अद्धावधिक गराई राख्न लगाउने ।

ध) प्रत्येक वर्ष विद्यालयका चन्दादाता र अभिभावकहरुको भेला गराई विद्यालयको अघिल्लो शैक्षिक वर्षको आय व्यय तथा शैक्षिक उपलब्धी र आगामी वर्षको शैक्षिक कार्यक्रमको सम्बन्धमा जानकारी गराउने ।

न) विद्यार्थीहरुलाई उपलब्ध गराएको छात्रवृत्ती वितरण गर्ने ।

प) विद्यालयमा स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तकको उपलब्धता र प्रभावकारिताको जाँचबुझ गर्ने ।

फ) अन्य कार्य तोकिएबमोजिम हुनेछ ।

१४) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

ख) विद्यालयको लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

ग) विद्यालयको चल, अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

घ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने,

ङ) विद्यालयले नेपाल सरकार, र नगरपालिकाले तोके बमोजिमको पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिवार्य रूपमा लागू गर्ने, पाठ्यक्रमलाई सहयोग पुग्ने खालका स्वीकृत सन्दर्भ स्रोत सामग्री प्रयोग गर्ने,

च) तोकिए बमोजिम विद्यालय सञ्चालन र पठनपाठन गर्ने, गराउने,

छ) अध्यापन अनुमतिपत्र लिई प्रचलित कानूनबमोजिम शिक्षक पदको लागि उम्मेदवार हुन योग्यता पुरा गरेका व्यक्तिलाई मात्र शिक्षक पदमा नियुक्ति गर्ने,

ज) नेपाल सरकारले तोकेको न्यूनतम तलब स्केलमा नघटाई शिक्षकलाई तलब दिने,

झ) आचारसंहिता विपरित कार्य गर्ने शिक्षक, कर्मचारीलाई कारबाही गर्ने,

ञ) विद्यालयले विद्यालय सुधार योजना निर्माण गरी कार्यान्वयन गर्ने,

ट) अतिरिक्त क्रियाकलापको सञ्चालन तथा व्यवस्थापन गर्ने गराउने,

ठ) शिक्षक तथा कर्मचारी कल्याण कोषको व्यवस्था गर्ने,

ड) सस्थागत विद्यालयबाट उपलब्ध गराइने दश प्रतिशत छात्रवृत्ती गरीव तथा जेहान्दार विद्यार्थीहरुलाई उपलब्ध गराउने प्रयोजनका लागि तोकिएको समितिबाट निर्णय गराइ उपलब्ध गराउने र त्यसरी छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको नामावली नगरपालिकामा शैक्षिक शत्र सुरु भएको मितिले २ महिनाभित्र पठाउनु पर्नेछ,

ढ) प्रत्येक सस्थागत विद्यालयले लेखा तथा सामाजिक परीक्षण गराइ त्यसको प्रतिवेदन शिक्षा, युवा तथा खेलकुद शाखामा पठाउनु पर्नेछ,

ण) एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) तोकिएको समयमा तयार गर्न लगाउने र अद्यावधिकसमेत गर्न लगाउने,

त) शिक्षा ऐन तथा नियमावली तथा अन्य कानूनमा उल्लेखित व्यवस्थाका अतिरिक्त नगरपालिकावाट जारी शिक्षा क्षेत्रसँग सम्बन्धित सवै नियम, नीति तथा निर्देशनहरूको पालना गर्ने,

१५) विद्यालय व्यवस्थापन समितिको बैठकमा शिक्षा, युवा तथा खेलकुद शाखाको प्रतिनिधिलाई अनिवार्यरुपमा भागलिन आमन्त्रण गर्नु पर्नेछ ।

१६) यो ऐन प्रारम्भ भएको मितिले कम्तिमा २ वर्षभित्र सवै सस्थागत विद्यालयहरुमा अध्यापन गर्ने शिक्षकहरुले अनिवार्यरुपमा अध्यापन अनुमति पत्र लिएको हुनुपर्नेछ ।

१७) शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ ।

१८) विद्यालय व्यवस्थापन समितिको अन्य काम, कर्तव्य, अधिकार र बैठकसम्बन्धी कार्यविधि तोकिएबमोजिम हुनेछ ।

**२२. विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिनेः-**

१) देहायको अवस्थामा विद्यालय व्यवस्थापन समितिलाई नगर शिक्षा समितिले विघटन गर्न सक्नेछः

क) विद्यालयको सम्पत्ति हिनामिना गरेमा ।

ख) विद्यालयको शैक्षिक वातावरण खल्बलाएमा ।

ग) नेपाल सरकार, प्रदेश सरकार तथा नगरपालिकाको नीति विपरित काम गरेमा ।

घ) विद्यालयको व्यवस्थापन सन्तोषाजनकरुपमा गर्न नसकेमा ।

ङ) सम्बन्धित निकाय वा अधिकारिले दिएको निर्देशन पालन नगरेमा ।

तर त्यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

२) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले विद्यालय

व्यवस्थापन समिति गठन नभएसम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न नगरपालिकाले एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ ।

**२३. विद्यालयको विनियमावली-**

क) यो ऐन र प्रचलित कानूनको अधीनमा रही प्रत्येक विद्यालयले विद्यालयको लक्ष्य, मूल्य मान्यता, सञ्चालन प्रकृया लगायतका अन्य सान्दर्भिक विषयवस्तु समावेश गरेर सामुदायिक विद्यालयले विनियमावली र सस्थागत विद्यालयले विधान तयार गरी अभिभावक सभाबाट पारित गराई लागू गर्नु पर्नेछ ।

ख) अभिभावक सभाले विधान आवश्यकता अनुसार संसोधन गर्न सक्नेछ तर संस्थागत विद्यालयको हकमा शिक्षा ऐन, कम्पनी ऐन तथा गुठीसँग नबाझिने गरी संचालक, लगानीकर्ताहरुको सभाले विधान संसोधन गर्न सक्नेछ ।

ग) विधान अनुसार विद्यालय सञ्चालन गर्नु व्यवस्थापन समिति, प्रधानाध्यापक/प्राचार्य लगायत अन्य सबैको कर्तव्य हुनेछ ।

घ) अध्यावधिक विधानको प्रमाणित प्रतिलिपि पारित भएको मितिबाट १५ दिन भित्र व्यवस्थापन समितिले नगरपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ ।

ङ) विद्यालयको विधान सार्वजनिक दस्तावेजको रुपमा रहनेछ, । उक्त विधान विद्यालयको अनुमति लिएर जो कोहीले पनि हेर्न पाउनेछ ।

**२४. वडा शिक्षा समितिः-**

१) वडा भित्रका विद्यालयहरुको रेखदेख, सञ्चालन, संरक्षण संबर्धन तथा नियमन गर्न वडास्तरमा देहायबमोजिमको एक वडा शिक्षा समिति गठन गरिनेछ ।

क) नगरपालिकाका सम्वन्धित वडाका वडा अध्यक्ष- अध्यक्ष

ख) वडा समितिका सदस्यहरूमध्ये वडा समितिले तोकेको एक जना महिला - सदस्य

ग) सामुदायिक र संस्थागत विद्यालयको प्रधानाध्यापकहरुबाट वडा शिक्षा समितिमा छनौट भएका एक/एक जना गरी दुई जना - सदस्य

घ) सामुदायिक र संस्थागत विद्यालयबाट प्रतिनिधित्व हुने गरी विद्यालय व्यवस्थापन समितिका अध्यक्ष/संचालक मध्ये वडा समितिको बैठकले तोकेको दुई जना - सदस्य

ङ) वडा सचिव - सदस्य सचिव

२) वडा शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ

क) वडाभित्रको शैक्षिक कार्यक्रमहरु कार्यान्वयनमा सहयोग गर्ने ।

ख) विद्यालयको लागि अर्थिक स्रोत जुटाउने र परिचालन गर्ने ।

ग) विद्यालयको सुपरीवेक्षणा तथा अनुगमन गर्ने गराउने र अनुगमनकोक्रममा अनियमितता भएको पाइएमा कारवाहीको लागि नगरपालिकामा सिफारिश गरी पठाउने।

घ) नयाँ विद्यालय खोल्ने अनुमतिको लागि निवेदनसाथ प्राप्त कागजात र स्थलगत अवस्था जाँचबुझ गरी औचित्यसहित सक्कलै कागजात नगरपालिकामा सिफारिश गरी पठाउने ।

ङ) विद्यालयमा तह थप, कक्षा थप, बिषय थप गर्न, विद्यालय गाभ्न, नाम परिवर्तन गर्न, तह वा कक्षा घटाउन, स्थान परिवर्तन तथा विद्यालय बन्द गर्नका लागि औचित्यसहित सिफारिश गरी नगरपालिका पठाउने ।

च) गुणस्तरीय शिक्षा विकासका लागि कार्यशाला तथा गोष्ठी सञ्चालन गर्ने ।

छ) विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठनमा सहयोग गर्ने ।

ज) शिक्षा समिति तथा शिक्षा,युवा तथा खेलकुद शाखाबाट निर्देशित अन्य कार्यहरु गर्ने।

**२५. नगरपालिका शिक्षा विकास कोषः-**

१) सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकासमा सहयोग पुऱ्याउन तथा त्यस्ता विद्यालयमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्नको लागि नगरस्तरमा एक नगर शिक्षा विकास कोष रहनेछ ।

२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन्ः-

क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

ख) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

ग) नगरपालिकाबाट प्राप्त अनुदान रकम,

घ) नगरपालिकामा स्थापित शैक्षिक विकास कोषको रकम,

ङ) सहयोगबाट प्राप्त रकम,

च) सरकारी तथा गैरसरकारी संघ संस्थाबाट प्राप्त रकम,

छ) दातृ निकायबाट प्राप्त रकम,

ज) अन्य स्रोतबाट प्राप्त रकम ।

**२६. कोष सञ्चालक समितिः-**

क) कोष सञ्चालक समिति तोकिए बमोजिम हुनेछ ।

ख) उपदफा (क) बमोजिमको कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि तोकिएबमोजिम हुनेछ ।

**२७. विद्यालय कोषः-**

१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा देहायबमोजिमका स्रोतवाट प्राप्त रकम सो कोषमा दाखिला हुनेछः-

क) नेपाल सरकार, प्रादेशिक सरकार र नगरपालिकाबाट प्राप्त अनुदान,

ख) नगरपालिकका शिक्षा कोषबाट प्राप्त अनुदान,

ग) सहयागेबाट प्राप्त रकम,

घ) सहयोग वा दान दातव्यबाट प्राप्त रकम र

ङ) अन्य स्रोतबाट प्राप्त रकम ।

२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र ब्यवस्थापन, लेखापरीक्षण तथा सामाजिक लेखापरीक्षण तोकिएबमोजिम हुनेछ ।

**२८. निर्देशन दिन सक्नेः-**

१) कार्यपालिकाले नगर शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिलाई तोकिएको क्षेत्रसँग सम्बन्धित बिषयमा आवश्यक निर्देशनहरू दिन सक्नेछ ।

२) शिक्षा, युवा तथा खेलकुद शाखाले तोकिएको क्षेत्रसङ्ग सम्बन्धित बिषयमा आवश्यक निर्देशनहरु विद्यालय व्यवस्थापन समिति, तथा प्रधानाध्यापकलाई दिन सक्नेछ ।

३) उपदफा (१) र (२) बमोजिम दिइएको निर्देशनको पालना गर्नु नगर शिक्षा समिति व्यवस्थापन समिति र प्रधानाध्यापकहरुको कर्तव्य हुनेछ ।

**२९. नगरपालिकाले विद्यालय खोल्न, कक्षा थप, तह थप, बिषय थप, तह वा कक्षा घटाउन, सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्नेः-**

१) नगर शिक्षा समितिको राय तथा सिफारिसमा नगरपालिकाले नगर क्षेत्रभित्र विद्यालय खोल्न, कक्षा थप, तह थप, बिषय थप, वा कुनै विद्यालयको कुनै तह हटाउन वा कुनै कक्षाको संचालन अनुमति रद्ध गर्न सक्नेछ । त्यसैगरी हाल सञ्चालन भइरहेको कुनै विद्यालयलाई विद्यार्थी संख्या, सेवा क्षेत्रको जनसंख्याको आधारमा एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुईभन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न, वा विद्यालयको नाम परिवर्तन गर्न वा विद्यालय बन्द गर्न अनुमति वा स्वीकृति प्रदान गर्न सक्नेछ ।

२) उपदफा (१) सम्बन्धि अन्य ब्यवस्था तोकिएबमोजिम हुनेछ ।

३) नयाँ खोलिने विद्यालयको नामाकरण वा पहिल्यै नामाकरण भइसकेको विद्यालयको नामसङ्ग जोडेर नामाकरण गर्न चाहने व्यक्तिले तोकिएअनुसारको रकम वा घर वा जग्गा विद्यालयलाई सहयोग गरेमा सहयोग गर्ने व्यक्तिको नाममा विद्यालयको नाम नामाकरण गर्न सकिनेछ ।

**३०. विद्यालयको सम्पत्तिः-** बिद्यालयको सम्पत्ति देहायबमोजिम हुनेछ ।

क) सामुदायिक विद्यालयको हक भोगमा रहको सम्पत्ति सावर्जनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति नगरपालिकाले अन्य विद्यालयको काममा नआउने भएमा नगरपालिकाको निर्णयअनुसार उपयोग गरिनेछ ।

ख) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको

रूपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरूप परिवर्तन गर्न पाइने छैन ।

ग) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा कायम रहनेछ ।

घ) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान-दातव्यको रूपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नगरपालिकाको अनुमति लिनु पर्नेछ । तर विदेशी व्यक्ति वा संघ संस्थाबाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नगरपालिकामार्फत नेपाल सरकारको अनिवार्य पूर्व स्वीकृति लिनु पर्नेछ ।

ङ) नेपाल सरकारको वा नगरपालिकाको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति नेपाल सरकारको/नगरपालिकाको स्वीकृति बेगर बेचबिखन गर्न पाइने छैन ।

**३१. विद्यालयलाई छुट र सुविधाः-**

क) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक विद्यालय र सार्वजनिक शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

ख) उपदफा (क) मा लेखिएदेखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारले तथा नगरपालिकाले तोकिएको आधारमा रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ ।

ग) सामुदायिक विद्यालमा अध्ययनरत विद्यार्थीहरुको शैक्षिक उपलब्धी स्तर बृद्धि गर्न र विद्यालय स्रोतबाट तलव, भत्ता खाने गरी नियुक्ति गरिएका

शिक्षक/कर्मचारीको पारिश्रमिकको खर्च जुटाउने गरी विद्यालयले आफ्नो स्रोतमा निमार्ण गरेको आयआर्जन हुने सम्पत्तिहरु जस्तै, माछापोखरी,सटरहरु आदिको विविध कर र विद्यालयको जग्गा मालपोत (तिरो) दस्तुर छुट हुनेछ । तर यस्ता कार्य गर्दा नगरपालिकाबाट पूर्व स्वीकृती लिनुपर्नेछ ।

घ) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिए बमोजिम हुनेछ ।

**३२. अनुमति वा स्वीकृति रद्द गर्नेः-** कुनै संस्थागत विद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड वा नगरपालिकाले दिएको निर्देशन विपरीत अन्य कुनै काम गरेमा नगरपालिकाले तोकिएको प्रक्रिया पूरा गरी त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्नेछ । तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

**३३. विद्यालयको वर्गीकरणः-** विद्यालयलाई तोकिएको आधारमा वर्गीकरण गरिनेछ ।

**३४. विद्यालयलाई सुरक्षित क्षेत्रको रूपमा कायम गर्नु पर्नेः-**

१) विद्यालयमा स्वतन्त्र र भयरहित रूपमा अध्ययन, अध्यापन गर्ने वातावरण सृजना गर्न तथा विद्यालयभित्र कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नु पर्नेछ ।

२) उपदफा (१) वमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नु पर्ने शर्त तथा मापदण्ड तोकिएबमोजिम हुनेछ ।

**३५. शुल्कसम्बन्धी व्यवस्थाः-**

१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन ।

क) उपदफा (१) मा जुन सुकै कुरा लेखिएको भएतापनि कुनै अभिभावकले दान, उपहार सहयोग सामुदायिक विद्यालयलाई दिन सक्नेछ ।

ख) सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नको लागि नगरपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ ।

ग) दृष्टिविहीन बालबालिकालाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाई सम्बन्धी अपाङ्गता भएका बालबालिकालाई सांकेतिक भाषाको माध्यमबाट निःशुल्क शिक्षा प्रदान गर्ने व्यवस्था गरिनेछ ।

२) उपदफा (१) बमोजिम निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेकको अन्य विद्यालयमा अध्ययन गर्ने विद्याथीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ। तर गरीबीको रेखामुनि रहेका दलित जनजाति र महिला लगायत अन्य विद्यार्थीलाई सामुदायिक विद्यालयमा निःशुल्क शिक्षा प्रदान गर्ने व्यवस्था गरिनेछ ।

३) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिइसकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन पाउने छैन ।

४) विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

५) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क तोकिएको अधिकारीबाट स्वीकृत गराई निर्धारण गर्नुपर्नेछ । त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिदा तोकिएको अधिकारीले विद्यालयले उपलब्ध गराएको सुविधको आधारमा दिइनेछ ।

६) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्नेछ ।

७) सस्थागत विद्यालयले दश प्रतिशत छात्रवृत्ति गरीब तथा जेहन्दार विद्यार्थीलाई उपलब्ध गराउनु पर्नेछ ।

८) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले एक लाख रूपैयासँम्म जरिवाना गर्न सक्नेछ ।

३६. **शिक्षकहरुको पेशागत महासंघ सम्बन्धी व्यवस्थाः-** सामुदायिक विद्यालयका शिक्षकहरूको पेशागत हकहितको सम्बन्धमा कार्य गर्न नगर क्षेत्रभित्र तोकिए बमोजिम एक शिक्षक महासंघ रहनेछ।

३७. **शिक्षक तथा कर्मचारीको पदीय आचारण सम्बन्धी व्यवस्थाः-**

१) शिक्षकहरु उच्च आदर्शले प्रेरित भई सिकाइ सहजीकरण कार्यमा सम्लग्न हुनुपर्नेछ । शिक्षक वा कर्मचारीलाई देहायका अवस्थामा पदबाट हटाइनेछ:

क) पदीय दायित्व पूरा नगरेमा,

ख) विना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको प्रमाणित भएमा वा विद्यालयभित्र सूर्तीजन्य पदार्थ सेवन गरेमा,

घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य कुनै व्यावसायिक क्रियाकलाप गरेमा,

च) शिक्षक वा कर्मचारी राजनीतिक दलको कार्यकारी सदस्य रहेको पाइएमा,

छ) विद्यार्थीलाई शारीरिक, मानसिक यातना दिने वा यौनजन्य दूर्व्यवहार गरेमा ।

तर कार्यरत शिक्षकलाई पदवाट हटाउनु अघि मनासिव माफिकको स्पष्टिकरणको मौका प्रदान गरिनेछ ।

**३८. स्थायी आवासीय अनुमति लिन नहुनेः-** सामुदायिक विद्यालयमा कार्यरत् शिक्षक वा कर्मचारीहरूले कुनै पनि देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिन हुदैन । स्थायी आवासीय अनुमति लिएका तथा लिन आवेदन दिने शिक्षक वा कर्मचारीहरूलाई दिइने दण्ड तथा सजाय तोकिएबमोजिम हुनेछ ।

**३९. शैक्षिक योग्यताः-** विद्यालयको शिक्षकको लागि चाहिने शैक्षिक योग्यता तोकिए बमोजिम हुनेछ।

**४०. शिक्षक विद्यार्थीको अनुपातः-** नगरपालिकाले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नु पर्नेछ ।

**४१. शिक्षकलाई अन्य काममा लगाउन नहुनेः-**

१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासनसम्बन्धी काममा बाहेक अन्य काममा लगाउन हुँदैन ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचनसम्बन्धी काम, दैवी प्रकोप उद्धार वा नेपाल सरकार र नगरपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

**४२. अदालतको आदेशबाट पुनः बहाली हुन सक्नेः-**

१) विभागीय सजाय भइ नोकरीबाट हटाइएको वा बरखास्त भएको शिक्षक अदालतको आदेश वा फैसलाबमोजिम मात्र नोकरिमा पुनः बहाली हुन सक्नेछ ।

२) उपदफा (१) बमोजिम पुनः बहाली भएको शिक्षकले नोकरीबाट हटेदेखि पुनःबहाली भएको मितिसम्मको पूरा तलब, भत्ता र तलब वृद्धि पाउने भए सो समेत पाउनेछ ।

## ४३. शिक्षक छनौट समिति

१) सामुदायिक विद्यालयमा प्रधानाध्यपक तथा करारमा शिक्षक तथा कर्मचारी नियुक्तिका लागि सिफारिस गर्न वा सस्थागत विद्यालयमा शिक्षक नियुक्तिको लागि सिफारिस गर्न प्रत्येक विद्यालयमा देहायका पदाधिकारिहरुसहितको एक शिक्षक छनौट समिति रहनेछः

क. विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य- अध्यक्ष

ख. शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख वा निजले तोकेको शिक्षा अधिकृत- सदस्य

ग. नगरपालिकामा सूचिकृत भएका बिषय बिशेषज्ञ २ जना- सदस्य

घ. प्रधानाध्यापक- सदस्य सचिव

२) शिक्षक छनौटका लागि नगरपालिकामा सूचिकृत भएका बिषय बिशेषज्ञबाट प्रश्न पत्र निर्माण गराइ परीक्षा तथा अन्तरवार्ता सञ्चालन गरिनेछ ।

३) उपदफा (२) बमोजिम बिषय बिशेषज्ञ शिक्षा, युवा तथा खेलकुद शाखाले तोक्न सक्नेछ । बिशेष परिस्थिति श्रृजना भएमा अर्को पालिका वा अर्को जिल्लाबाटसमेत बिषय बिशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

४) शिक्षक सेवा आयोग तथा शिक्षा तथा मानव विकास केन्द्रले शिक्षक छनौट गर्ने सम्बन्धमा मापदण्ड निर्धारण तथा कार्यविधि जारी गरेको भए शिक्षक छनौट समितिले त्यस् मापदण्ड वा कार्यविधिको पालना गर्नु पर्नेछ ।

**४४. करारमा शिक्षक नियुक्ति सम्बन्धी व्यवस्था:-**

१) नेपाल सरकारको स्वीकृत रिक्त दरबन्दीमा स्थायी शिक्षक नियुक्त हुन नसकी तथा रिक्त रहेको राहत शिक्षक दरबन्दीमा तत्काल करार शिक्षक नियुक्ति गर्नु पर्ने भएमा विद्यालय व्यवस्थापन समितिले निर्णय गरी विज्ञापनका लागि शिक्षा, युवा तथा खेलकुद शाखाबाट अनुमति लिइ तोकिएको विधिबमोजिम सेवा करार प्रक्रिया अगाडि बढाइनेछ ।

२) शिक्षण सिकाइ अनुदान र नगरपालिकाको अनुदानमा शिक्षक नियुक्ति गर्नु पर्दासमेत दफा ४३ को उपदफा १ को समितिले तोकिएको प्रक्रिया अपनाइ शिक्षक छनौट गरी नियुक्तिका लागि विद्यालय व्यवस्थापन समितिमा सिफारिस गर्न सक्नेछ ।

३) उपदफा (१) र (२) बमोजिम सिफारिस भएको उम्मदवारलाई विद्यालय व्यवस्थापन समितिले नियुक्त दिई नियुक्ति समर्थन तथा अभिलेखीकरणका लागि शिक्षा, युवा तथा खेलकुद शाखामा लेखी पठाउनु पर्नेछ ।

४) स्वयमसेवक शिक्षकको व्यवस्थापन तोकिएबमोजिम हुनेछ ।

**४५. स्थायी शिक्षकको नियुक्ति, बढुवा र सरूवा:-**

१) स्थायी शिक्षकको नियुक्ति तथा पदस्थापना संघीय शिक्षक सेवा आयोग तथा प्रादेशिक शिक्षक सेवा आयोगले तोकेबमोजिम हुनेछ ।

२) स्थायी शिक्षकहरुको बढुवा तोकिएबमोजिम हुनेछ ।

३) नगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयमा दरबन्दीमा कार्यरत स्थायी शिक्षकले सरूवा हुनका लागि कार्यरत् विद्यालयको व्यवस्थापन समिति र सरूवा भइ जाने विद्यालय व्यवस्थापन समितिको सहमति पत्रसहित शिक्षा, युवा तथा खेलकुद शाखामा आवेदन दिनु पर्नेछ। प्राप्त आवेदनमाथि जाँचबुझ गर्दा सरुवा गर्न उपयुक्त देखिएमा कक्षा सञ्चालनमा बाधा नपर्ने गरी विषयगत दरवन्दी समेतको आधारमा नगर शिक्षा समितिको निर्णयबाट तोकिएको अधिकारीले रिक्त दरवन्दीमा सरूवा गर्न सक्नेछ ।

४) सरूवा हुन आवेदन दिने दरवन्दीमा कार्यरत् स्थायी शिक्षकलाई नगरपालिकाभित्र कार्यरत् विद्यालयको व्यवस्थापन समितिको सहमतिमा कक्षा सञ्चालनमा बाधा नपर्ने गरी तोकिएको अधिकारीले अर्को स्थानीय तहमा सरूवा भइ जान र अन्य स्थानीय तहबाट सहमति लिइ आएमा सरुवा भइ आउनका लागि सहमति दिन सक्नेछ ।

५) स्थायी नियुक्ति लिएको १ वर्ष नपुगेको शिक्षक र अनिवार्य अवकास हुन १ वर्ष वा सो भन्दा कम अवधि बाँकी रहेको शिक्षकको सामान्यतया सरुवा गरिनेछैन ।

६) उपदफा (३) र (४) मा जुनसुकै कुरा लेखिएको भएता पनि एउटै विद्यालयमा पाँच वर्ष सेवा अवधि पुरा गरेको स्थायी शिक्षकलाई तोकिएबमोजिमको मापदण्डको आधारमा नगरपालिकाले आफ्नो नगरभित्र कुनै पनि विद्यालयमा सरुवा गर्न सक्नेछ । तर दरबन्दी मिलान गर्दा वा तोकिएबमोजिमको विशेष कारणबस कुनै शिक्षकलाई कुनै विद्यालयबाट सरुवा नगरी नहुने भएमा त्यस्तो शिक्षकको एउटै विद्यालयमा पाँच वर्ष पुरा नभएको भएपनि कारण खुलाई यस दफाबमोजिम सरुवा गर्न बाधा पर्नेछैन ।

७) करार तथा राहत दरबन्दीमा कार्यरत करार शिक्षकको सामान्यतया सरुवा हुनेछैन । बिशेष परिस्थितिका कारण सरुवा नै गर्नुपर्ने अवस्था देखिएमा

दुवै व्यवस्थापन समितिको सहमतिमा विषयगत दरवन्दी समेतको आधारमा नगर शिक्षा समितिको निर्णयबाट  तोकिएको अधिकारीले रिक्त दरवन्दीमा सरूवा गर्न सक्नेछ ।

**४६. दरवन्दी मिलानः-**

१) तोकिएको मापदण्डको आधारमा बढी दरवन्दी भएको विद्यालयबाट कम दरबन्दी भएको विद्यालयमा नगर शिक्षा अधिकारीको सिफारिसमा नगर शिक्षा समितिले तोकिएको प्रकृया पूरा गरी दरबन्दी मिलान गर्न सक्नेछ।

२) संघीय तथा प्रदेश सरकारबाट जारी हुने दरबन्दी मिलानसम्बन्धी कार्यविधि समेतको आधारमा दरबन्दी मिलान गर्न सकिनेछ ।

**४७. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्नेः-**

१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी संख्याको कम्तीमादश प्रतिशतमा नघट्ने गरी तोकिएबमोजिम आर्थिक रूपमा विपन्न, अपाङ्गता भएका, महिला, दलित, जनजाति, जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

२) उपदफा (१) बमोजिम छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्न प्रत्येक विद्यालयमा विद्यालयको अध्यक्ष, विद्यालयको प्रधानाध्यापक, नगर शिक्षा अधिकारी वा निजको प्रतिनिधि र विद्यालय व्यवस्थापन समितिमा रहेका अभिभावकको प्रतिनिधि रहेको एक छात्रवृत्ति छनौट समिति रहनेछ ।

३) समितिले छनौटको लागि आधार, शर्त र प्रक्रिया तयार गरी सो विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराई सार्वजनिक गरी छात्रवृत्ति उपलव्ध गराउनु पर्नेछ ।

४) समितिले छात्रवृत्तिको लागि छनौटको नतिजा आधार सहित सार्वजनिक गर्नु पर्नेछ ।

**४८. तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुनेः-** दफा ४२ मा उल्लेखित अवस्थामा वा नियमानुसार विदा स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेका शिक्षकले अनुपस्थित अवधिको तलब, भत्ता पाउने छैनन् र त्यस्तो अवधी निजको सेवामा समेत गणना हुने छैन ।

**४९. प्रधानाध्यापक तथा कर्मचारीसम्बन्धी व्यवस्थाः-**

१) सामुदायिक विद्यालयमा एक प्रधानाध्यापक र नगरपालिकाले स्वीकृत गरे बमोजिमको संख्यामा कर्मचारीको दरबन्दी रहनेछ।

२) उपदफा (१) बमोजिमका प्रधानाध्यापक तथा कर्मचारी नियुक्ति, सेवाको सर्त र सुविधासम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ ।

३) यो ऐन प्रारम्भ भएको मितिले ३ महिनाभित्र शिक्षा, युवा तथा खेलकुद शाखाले कार्य योजना माग गरी सबै सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुसङ्ग विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धीका लागि वार्षिकरुपमा कार्यसम्पादन करार गर्न सक्नेछ ।

४) प्रधानाध्यापक छनौटका आधारहरु र समयावधि तोकिएअनुसार हुनेछ ।

**५०. बालबालिकालाई निष्काशन गर्न, शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुनेः-**

क) कुनै पनि बालबालिकालाई तोकिएको अवस्थामा बाहेक विद्यालयबाट निष्काशन गर्न पाईने छैन ।

ख) विद्यालयमा अध्ययनरत् बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा कुनै दुर्व्यवहार गर्न पाइने छैन ।

**५१. शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्स सञ्चालनः-**

१) यस ऐन बमोजिम अनुमति नलिई कसैले पनि शैक्षिक कार्यक्रम शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउनेछैन ।

२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम शैक्षिक परामर्श सेवा, ब्रिजकोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति लिने व्यवस्था तोकिएबमोजिम हुनेछ ।

**५२. लेखा परीक्षण तथा सामाजिक परीक्षण**

१) नगरपालिकाअन्तरगत सञ्चालित सवै सामुदायिक विद्यालयहरुले तोकिएको लेखा परीक्षकबाट आर्थिक वर्ष पुरा भएको मितिले ३ महिनाभित्र लेखा परीक्षण गराई प्रतिवेदन नगरपालिकामा पेश गर्नु पर्नेछ ।

२) सस्थागत विद्यालयको हकमा पनि सम्बन्धित विद्यालयले रजिष्टर्ड लेखा परीक्षकबाट लेखा परीक्षण गराई सोको प्रतिवेदन अनिवार्यरुपमा नगरपालिकामा पठाउनु पर्नेछ ।

३) सवै विद्यालयहरुले प्रत्येक वर्षको भदौ महिनाभित्र सामाजिक परीक्षण गरी विद्यालयको आय व्यय शैक्षिक उपलब्धी विद्यालयको आन्तरिक गतिविधि पारदर्शिता एवं जवाफदेहिताको अवस्था र आगामी कार्ययोजना सामाजिक परीक्षणमार्फत सार्वजनिक एवं अनुमोदन गराउनु पर्नेछ ।

४) उपदफा (१) र (२) बमोजिम लेखा परीक्षकले लेखा परीक्षण प्रतिवेदनमा औल्याइएका बिषयहरुलाई तोकिएअनुसार कार्यान्वयन गरिनेछ ।

**५३. प्रगति विवरण बुझाउनु पर्नेः-** सस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिएको समयभित्र तोकिए बमोजिमका विवरण र कार्ययोजना सहितको प्रगति विवरण नगरपालिकाको कार्यालयमा बुझाउनु पर्नेछ ।

**५४. पुरस्कार तथा दण्ड सजायः-**

**१) पुरस्कारः**

क) नगरपालिकाले प्रत्येक वर्ष नगरभित्रका उत्कृष्ट विद्यालय, विद्यार्थी, शिक्षक, कर्मचारी र समितिलाई सम्मान र पुरस्कार दिन सक्नेछ ।

ख) नगरपालिकाले शिक्षक, कर्मचारीलाई कार्यसम्पादनको आधारमा थप सेवा सुविधा दिन सक्ने छ ।

**२) दण्ड सजायः**

क) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीले बिगो असूल गरी विगो बमोजिम जरिवाना गर्न सक्नेछ ।

ख) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी एकलाख रूपैयाँ जरिवाना वा ६ महिना कैद वा दुवै सजाय हुन सक्नेछ ।

१) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

२) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

३ परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

४) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

५) अरूको तर्फबाट परीक्षा दिएमा,

६) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा,

७) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

८) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा,

९) कानुन विपरीतको अन्य कार्य गरेमा,

ग) कानुन बमोजिमको कसुरको सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर मुद्दा हेर्ने अधिकारी वा अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि मुद्दाको टुङ्गो नलागेसम्म निलम्बन हुनेछ । सो शिक्षक वा कर्मचारी अदालतबाट कसुरदार ठहरिएमा निजलाई यस ऐन बमोजिम विभागीय सजाय गरिनेछ ।

घ) यस उपदफा २ को (ख) र (ग) मा लेखिएदेखि बाहेक कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम उल्लंघन गरेमा तोकिएको अधिकारिले देहाय बमोजिम सजाय गर्न सक्छः

१) विद्यालयका शिक्षक वा कर्मचारीलाई विभागीय सजाय गर्ने,

२) विद्यार्थीलाई विद्यालय वा छात्रवास वा परीक्षाबाट निष्काशन गर्ने,

३) कसुरको मात्रा हेरी एक हजार रुपियाँदेखि पच्चीस हजार रुपियाँसम्म जरिवाना गर्ने,

४) विद्यालयलाई नगरपालिकाको सहायता घटाउने, रोक्ने, वा बन्द गर्ने,

५) विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्ने ।

**५५. मुद्धा हेर्न अधिकारीः-** यो ऐन वा यस ऐन अन्तर्गत वनेको नियम बमोजिम सजाय गर्ने अधिकार प्रमुखलाई हुनेछ ।

**५६. पुनरावेदनः-** प्रमुखले गरेको सजायको आदेश उपर जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ ।

**५७. नियम बनाउने अधिकारः-**

१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगर कार्यपालिकाले देहायका बिषयका अतिरिक्त आवश्यक अन्य बिषयमा नियमावली, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेछ।

क) विद्यालयको झण्डा चिन्ह र प्रार्थना

ख) विद्यालयलाई लाग्ने शुल्क र असुल गर्ने तरिका

ग) विद्यालयलाई दिइने अनुदान

घ) विद्यालयको परीक्षा

ङ) विद्यालयको अतिरिक्त कार्यकलाप र कार्यक्रमको निर्धारण

च) विद्यालयका शिक्षक तथा कर्मचारीको शपथ ग्रहण सम्बन्धी

छ) विद्यालयमा विद्यार्थी भर्ना र भर्ना गर्ने तरिका

ज) विद्यालयको सम्पत्तिको सुरक्षा

झ) विद्यालयको छात्रावास चलाउने

ञ) विद्यालयको आयव्ययको जाँच

ट) विद्यालयको किताब बही र अन्य कागजात तयार गर्ने र राख्ने तरिका

ठ) विद्यालयको पाठ्यक्रम पाठ्यपुस्तक र सन्दर्भ सामाग्री

ड) शिक्षक तथा विद्यार्थीको आचारसंहिता

ढ) विद्यालयको पुस्तकालय र वाचनालय

ण) सह-शिक्षा

त) शिक्षण तथा विद्यालय व्यवस्थापन समिति

थ) प्रधानाध्यापकको नियुक्तिका लागि आवश्यक पर्ने योग्यता, काम, कर्तव्य र अधिकार तथा सुविधा

द) विद्यालयका शिक्षकहरुको सेवा सम्बन्धी

ध) विद्यालयका शिक्षकहरुको अध्यापन अनुमति पत्र परिचय पत्र र चिन्ह

न) विशेष शिक्षा तथा समावेशी शिक्षा

प) अनौपचारिक शिक्षा

फ) दूर शिक्षा तथा खुला शिक्षा

ब) विद्यार्थी परामर्श सल्लाह र निर्देशन

भ) अन्य आवश्यक कुराहरु

म) आवाशीय विद्यालय सञ्चालन गर्ने

य) सस्थागत विद्यालय सम्बन्धी

र) कोचिङ्ग क्लास, भाषा शिक्षण कक्षा र निजी क्षेत्रमा सञ्चालित शिक्षक प्रशिक्षण कक्षा सम्बन्धी

ल) सस्थागत विद्यालयले उपलब्ध गराउनु पर्ने छात्रवृत्ति सम्बन्धी

व) दिवाखाजा वितरण सम्बन्धी

श) छात्राहरुको लागि स्यानिटेरी प्याड वितरण सम्बन्धी

**५८. संक्रमणकालीन व्यवस्थाः-**

१) यस ऐनले तोकिएबमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदासम्म नगर कार्यपालिका तथा नगर शिक्षा समितिको निर्णयमा शिक्षा,युवा तथा खेलकुद शाखा प्रमुखले गर्न सक्नेछ ।

२) शिक्षासंग सम्बन्धित बिषयहरुको योजना, बजेट, कार्यक्रम कार्यान्वयन, व्यवस्थापन, शैक्षिक प्रशासन, विद्यालय अनुगमन सुपरीवेक्षण तथा प्रतिवेदन लगायतका कार्यहरु शिक्षा, युवा तथा खेलकुद शाखाबाट हुनेछ ।

३) यो ऐन जारी भएपछि विद्यालयमा रिक्त रहेको दरबन्दीमा करार शिक्षकको विज्ञापनको अनुमति शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखले दिन सक्नेछ ।

**५९. बाधा अडकाउ फुकाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउने निर्णय गरी स्थानीय राजपत्रमा सूचना प्रकाशित गर्नु पर्नेछ र यसै सूचनालाई नै ऐनको अङ्ग मानिनेछ ।

**६०. बचाउँ र लागू नहुनेः**

१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिना-मिना गरेको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कारवाही चलाउन बाधा पर्ने छैन ।

३) यस ऐनका दफा तथा उपदफाहरू संविधानसँग बाँझिएमा बाँझिएको हदसम्म स्वतः निस्कृय हुनेछ ।

४) साझा अधिकारका सम्वन्धमा संघीय शिक्षा ऐन, प्रादेशिक शिक्षा ऐनले व्यवस्था गरे अनुसार हुनेछ । यस ऐनमा उल्लेख भएका व्यवस्थाहरु संघीय शिक्षा ऐन तथा प्रदेश शिक्षा ऐनसंग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

५) यस अघि कानुन बमोजिम नियुक्त शिक्षक कर्मचारीहरूलाई नेपाल सरकारले दिइदै आएको सुविधामा कुनै किसिमको कटौती गरिने छैन । तर यो व्यवस्थाले कानुन बमोजिम दण्ड, सजाय र कारवाही गर्न वाधा पर्ने छैन ।

प्रमाणीकरण मितिः २०७७/११/१३

.................................

आज्ञाले

(मेघनाथ पाध्या)

प्रमुख प्रशासकीय अधिकृत